पाख्रीबास नगरपालिका "स्थानीय सरकारी सेवाका कर्मचारीको तह वृद्धि सम्वन्धी कार्यविधि, २०८०"

कार्यपालिकाबाट स्वीकृत मिति : २०८०/०९/२९

प्रमाणिकरण मिति : २०८०/०९/२९

प्रस्तावना:

संघीय लोक सेवा आयोगबाट सिफारिस भएका, निजामती सेवा तथा अन्य सेवाबाट स्थानीय तहमा समायोजन ऐन, २०७५ बमोजिम समायोजन भएका कर्मचारीहरुको तह वृद्धि सम्बन्धमा कोशी प्रदेशबाट जारी स्थानीय सरकारी सेवा (गठन तथा संचालन) ऐन, २०८० मा भएको कानुनी व्यवस्थालाई कार्यान्वयन गर्न वाञ्छनीय भएकाले नगर कार्यपालिकाले सो ऐनको दफा १५१ बमोजिम यो कार्यविधि स्वीकृत गरी जारी गरेको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम पाख्रीबास नगरपिलकाको "स्थानीय सरकारी सेवाका कर्मचारीको तह वृद्धि सम्बन्धी कार्यविधि, २०८०" रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसँगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(क) "ऐन" भन्नाले कोशी प्रदेशबाट जारी स्थानीय सरकारी सेवा (गठन तथा संचालन) ऐन, २०८० सम्झनु पर्दछ ।

(ख) "कार्यविधि" भन्नाले पाख्रीबास नगरपालिकाको स्थानीय सरकारी सेवाका कर्मचारीको तह वृद्धिसम्बन्धी कार्यविधि, २०८० सम्झनु पर्दछ ।

(ग) "प्रदेश" भन्नाले कोशी प्रदेश सम्झनु पर्दछ ।

(घ) "मन्त्रालय" भन्नाले प्रदेशको मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सम्झनु पर्दछ ।

(ङ) "प्रदेश लोक सेवा आयोग" भन्नाले कोशी प्रदेशको प्रदेश लोक सेवा आयोग सम्झनु पर्दछ ।

(च) "प्रदेश किताबखाना" भन्नाले ऐनको दफा २(ज) बमोजिम मन्त्रालयअन्तर्गत रहेको शाखा सम्झनु पर्दछ ।

(छ) "कार्यपालिका" भन्नाले पाख्रीबास नगर कार्यपालिकालाई सम्झनु पर्दछ ।

(ज) "कार्यालय" भन्नाले पाख्रीबास नगर कार्यपालिकाको कार्यालय वा निकाय सम्झनु पर्दछ ।

(झ) "समायोजन ऐन" भन्नाले कर्मचारी समायोजन ऐन, २०७५ सम्झनु पर्दछ ।

(ञ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले पाख्रीबास नगर कार्यपालिकाको कार्यालयका प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्दछ ।

(ट) "कर्मचारी" भन्नाले पाख्रीबास नगरपालिकाको स्थानीय सरकारी सेवाको पदमा वहाल रहेका स्थायी कर्मचारी सम्झनु पर्दछ । सो शब्दले कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम समायोजन भएका साथै संघीय लोक सेवा आयोग वा प्रदेश लोक सेवा आयोगबाट सिफारिस भई पाख्रीबास नगरपालिकाअन्तर्गत कार्यरत स्थायी कर्मचारी समेतलाई जनाउँदछ ।

प्रमुख प्रशासकीय अधिकृत        नगर प्रमुख

(ढ) "तह वृद्धि" भन्नाले ऐन तथा यस कार्विधि बमोजिम गरिने तह वृद्धिलाई सम्झनु पर्दछ ।

(ड) "सिफारिस समिति" भन्नाले यो कार्यविधिको दफा (४) बमोजिम गठित सिफारिस समिति सम्झनु पर्दछ ।

(ण) "अख्तियारवाला" भन्नाले स्थानीय सरकारी सेवामा नियिक्त, पदस्थापन र अवकाशको निर्णय गर्ने समिति तथा अधिकारी सम्झनु पर्दछ ।

(त) "स्थानीय तह" भन्नाले कोशी प्रदेशभित्रका गाउँपालिका, नगरपालिका, उपमहानगरपालिका र महानगरपालिका सम्झनु पर्दछ ।

(३) **सूचना प्रशासन गर्नु पर्नेः** (१) तह वृद्धिका लागि सूचना कम्तीमा १(एक) महिना अगावै वेभसाइट मार्फत प्रशासन गर्नु पर्नेछ ।

(२) उपनियम(१) बमोजिम सूचना प्रकाशन भएपश्चात तह वृद्धि हुन योग्यता पुगेका कर्मचारीले यस कार्यविधिको अनुसूची-१ बमोजिमको ढाँचामा सम्बन्धित कार्यालयसमक्ष निवेदन पेश गर्नु पर्नेछ ।

(४) **सिफारिस समितिः** (१) पाख्रीबास नगरपालिकाअन्तर्गत कार्यरत कर्मचारीको तह वृद्धिका लागि सिफारिस गर्न ऐनको दफा २७ को (४) बमोजिम प्रमुख प्रशासकीय अधिकृतको अध्यक्षतामा कार्यपालिकाले तोकेको एक महिलासहित दुई जना बरिष्ठ कर्मचारी रहेको तह वृद्धि सिफारिस समिति हुनेछ ।

(२) समितिको बैठक समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

(५) **आवश्यक न्यूनतम योग्यता र सेवा अवधिः** (१) ऐनको दफा ४ को उपदफा (५) बमोजिम स्थानीय तहका सहायक चौथों र पाँचौं तहमा तथा सातौं र नवौं तहको पदमा समान पदमा समायोजन भई सोही पदमा कार्यरत रहेको हालसम्म तह वृद्धि नभएका कर्मचारीहरु सम्बन्धित पद ऐन जारी हुँदा सम्म तीन वर्ष सेवा अवधि पुरा भएको हुनु पर्नेछ ।

(२) ऐनको दफा २७ को उपदफा (१) बमोजिम स्थानीय सरकारी सेवामा कार्यरत कर्मचारीको पाँचौं तहबाट छैठौं तह, सातौं तहबाट आठौं तह र नवौं तहबाट दशौं तहमा तह वृद्धि गर्दा तह वृद्धि हुने पदभन्दा एक तह मुनिको पदमा ५ (पाँच) वर्षको सेवा अवधि पुरा भएको र पछिल्लो तीन वर्षको कार्य सम्पादन मूल्याङ्कनमा औषत नब्बे प्रतिशत अङ्क प्राप्त गरेका कर्मचारीलाई सम्बन्धित सेवा, समूह, वा उपसमूहमा तह वृद्धि गरिनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए पनि सो दफाबमोजिम हुने तह वृद्धि गर्दा थप शैक्षिक योग्यताको आवश्यकता पर्ने छैन ।

तर, समायोजनका बखत तोकिएको अवधि नपुगी तह वृद्धि नभएका कर्मचारीहरुलाई एक पटकका लागि सेवा प्रवेशका लागि तोकिएको योग्यता भए पुग्नेछ ।

(६) **तह वृद्धि सम्बन्धी विशेष व्यवस्थाः** (१) ऐनको दफा ८ को उपदफा(१३) बमोजिम चौथों तहका सहायक कम्प्युटर अपरेटर पदमा कार्यरत कर्मचारीलाई पाँचौं तहको कम्प्युटर अपरेटर पदमा स्वतः बढुवा गरिनेछ । सो पदमा प्रमुख प्रशासकीय अधिकृतले निर्णय गरी नियुक्तिपत्र दिनेछ ।

प्रमुख प्रशासकीय अधिकृत

नगर प्रमुख

(२) ऐनको दफा ८ को उपदफा (१६) बमोजिम निजामती सेवाबाहेक अन्य सेवाबाट स्थानीय तहमा समायोजन भई सेवा अवधि ५ वर्ष पुरा गरेका छैठौं र आठौं तहको पदमा कार्यरत कर्मचारीलाई ऐनको दफा २७ को (४) बमोजिमको समितिको सिफारिसको आधारमा अख्तियारवालाले एक पटकका लागि अधिकृत सातौं र नवौं तहमा बढुवा गरिनेछ ।

(३) ऐनको दफा ८ को उपदफा (१७) बमोजिम लोक सेवा आयोग र प्रदेश लोक सेवा आयोगबाट स्थानीय तहको छैठौं तहमा सिफारिस भई नियुक्त भएका कमर्चारीलाई एक पटकका लागि सातौं तहमा तह मिलान गरिनेछ । यसरी सातौं तह कारयम गर्नु पूर्व संगठन तथा व्यवसथापन सर्वेक्षण गरी संगठन तथा दरवन्दी स्वीकृत गर्न पर्नेछ ।

(४) ऐनको दफा ४ को उपदफा (५) र दफा २७ को उपदफा (१) बमोजिमको तह वृद्धि हुने कर्मचारीलाई प्रमुख प्रशासकीय अधिकृतले निर्णय गरी नियुक्ति पत्र दिनेछ ।

(५) कामकाजमा खटिएका कर्मचारीसम्बन्धी व्यवस्थाः कोशी प्रदेश बाहिर कामकाजमा खटिएका तर कोशी प्रदेश अन्तर्गत दरवन्दी भएका कर्मचारीको दरवन्दी भएको स्थानीय तहमा तह वृद्धि हुने। एक स्थानीय तहबाट अर्को स्थानीय तहमा खटिएका कर्मचारीको हकमा दरवन्दी/पदाधिकार रहेको कार्यालयमा तह वृद्धि गरिनेछ ।

(७) **जेष्ठता कायमः** तह वृद्धि हुने कर्मचारीको जेष्ठता ऐनको दफा २६ को उपदफा (१), २ र (३) बमोजिम कायम हुनेछ । ऐनको दफा ४ को उपदफा (५) र दफा २७ को उपदफा (१) बमोजिमको तह वृद्धि हुने कर्मचारीको ऐनको दफा २७ को उपदफा (३) बमोजिम जेष्ठता कायम हुनेछ ।

(८) **बाधा अडकाउ फुकाउनेः** यस कार्यविधिको कार्यान्वयनमा कुनै बाङ्‌ढा अडकाउ उत्पन्न भएमा बाधा अडकाउ फुकाउने अधिकार प्रदेश लोक सेवा आयोगको परामर्शमा नगर कार्यपालिकामा रहनेछ ।

(९) **तह वृद्धि गर्न नहुनेः** (१) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि स्थानीय तहको कर्मचारी देहायको अवस्थामा देहायको अवधिभर बढुवाको सम्भाव्य उम्मेदवार हुन पाउने छैन र उक्त अवधिभर निजको तह वृद्धि रोक्का रोक्का गरिनेछ ।

(१) निलम्बन भएकोमा निलम्बन भएको अवधिभर,

(२) तह वृद्धि वा बढुवा रोक्का भएकोमा तह वृद्धि वा बढुवा रोक्का भएको अवधिभर,

(३) तलब वृद्धि रोक्का भएकोमा तलब वृद्धि रोक्का भएको अवधिभर,

(४) दफा ४१ बमोजिम सेवा वा समूह परिवर्तन गरेको कर्मचारी भए त्यसरी सेवा वा समूह परिवर्तन भएको मितिले तीन वर्षको अवधिभर,

(५) असाधारण विदा वा अध्ययन विदामा बसेकोमा सो विदाको अवधिभर,

(६) स्थानीय स्वास्थ्य सेवाको कर्मचारीको हकमा प्रचलित कानुनबमोजिम गठन भएको स्वास्थ्यसम्बन्धी व्यवसायिक परिषद्मा नाम दर्ता निलम्बन भएको भए त्यस्तो निलम्बनको अवधिभर ।

प्रमुख प्रशासकीय अधिकृत

नगर प्रमुख

(१०) **जानकारी दिनु पर्नेः** यस कार्यविधि बमोजिम गरेको बढुवा र तह वृद्धि/मिलानको जानकारी निर्णय भएको मितिले पन्ध्र दिनभित्र मन्त्रालय, प्रदेश निजामती किताबखा, प्रदेश लोक सेवा आयोगलाई दिनु पर्नेछ ।

(११) **उजुरी/गुनसोः** तह वृद्धिको निर्णय उपर चित्त नबुझेमा सूचना प्रकाशन भएको मितिले २१ दिनभित्र प्रदेश लोक सेवा आयोगमा उजुरी/गुनासो गर्न सकिनेछ ।

(१२) **प्रचलित कानुनबमोजिम हुनेः** यस कार्यविधिमा उल्लेख भएको विषयमा कार्यविधि बमोजिम र अन्य विषयको हकमा प्रचलित कानुन बमोजिम हुनेछ ।

प्रमुख प्रशासकीय अधिकृत

नगर प्रमुख

पाख्रीबास नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
पाख्रीबास, धनकुटा
कोशी प्रदेश, नेपाल
२०७१

अनुसूची-१

(कार्यविधिको दफा(३) सँग सम्बन्धित)

**तह वृद्धिको लागि पेश गर्ने निवेदनको ढाँचा**

मितिः

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू,

पाख्रीबास नगर कार्यपालिकाको कार्यालय,

पाख्रीबास, धनकुटा ।

विषयः तह वृद्धि गरी पाउँ ।

प्रस्तुत विषयमा यस नगरपालिकाको मिति.............. गतेको सूचना अनुसार म हाल तपसीलबमोजिमको पद तथा तहमा कार्यरत रहेको र उक्त सूचनाबमोजिमको पदमा तह वृद्धि हुन योग्य रहेको हुँदा तपसीलबमोजिमको कागजातसहित यो निवेदन पेश गरेको व्यहोरा अनुरोध गर्दछु ।

**तपसील**

१. स्थायी नियुक्ति

२. बढुवा/तह वृद्धि भएको पत्र (दफा ८(१६) को हकमा नपर्ने)

३. समायोजन पत्र (समायोजन भएका कर्मचारीको हकमा मात्र)

४. नेपाली नागरिकताको प्रमाणपत्र

५. न्यूनतम शैक्षिक योग्यताको प्रमाणपत्र

| | |
|---|---|
| नाम,थरः | शुरु नियुक्ति मितिः |
| पदः | हालको पदमा तह वृद्धि/बढुवा मितिः |
| तहः | समायोजन मितिः |
| सेवाः | कर्मचारी संकेत नं. |
| समूहः | कार्यरत कार्यालयः |

माथि उल्लिखित सबै व्यहोरा ठीक साँचो हो झुठा ठहरे कानुनबमोजिम सहूँला वुझाउँला ।

प्रमुख प्रशासकीय अधिकृत

नगर प्रमुख

अनुसूची-२
(कार्यविधिको दफा (६) सँग सम्बन्धित)

**तह वृद्धि पत्रको ढाँचा**

मिति

विषयः तह वृद्धि गरिएको सम्बन्धमा ।

महाशय,

तपाईलाई कोशी प्रदेश, स्थानीय सरकारी सेवा (गठन तथा संचालन) ऐन्, २०८० को परिच्छेद २ को दफा ४ को उपदफा (५) र ऐ.ऐनको परिच्छेद ५ को दफा २७ को उपदफा (१) बमोजिम यस पाख्रीबास नगर कार्यपालिकाको मिति........... को निर्णयअनुसार नियमानुसार जेष्ठता कायम हुने गरी स्थानीय सरकारी सेवामा तपसीलबमोजिम तह वृद्धि गरिएको छ ।

.......... तहमा कायम हुनु भएकोमा हार्दिक वधाई तथा शुभकामना । तपाईलाई प्राप्त जिम्मेवारीं राष्ट्र, जनता र सरकारप्रति कर्तव्यनिष्ठ भई प्रचलित कानुनको परिधिमा रहेर पारदर्शी, निष्पक्ष, अनुशासित भई सकारात्मक सोच र उर्जाका साथ कार्य सम्पादन गर्नु हुनेछ भन्ने अपेक्षा लिएको छु ।

तपसील

| हाल कार्यरत पद | तह वृद्धि गरेको पद |
|---|---|
| पदः | पदः |
| तहः | तहः |
| सेवाः | सेवाः |
| समूहः | समूहः |
| कार्यरत कार्यालयः | कार्यरत कार्यालयः |

श्री...............

कर्मचारी संकेत नं.

वोधार्थः
श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार काठमाण्डौ ।
श्री लोक सेवा आयोग, केन्द्रीय कार्यालय अनामनगर काठमाणडौ ।
श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कोशी प्रदेश विराटनगर ।
श्री राष्ट्रिय किताबखाना(निजामती) पुल्चोक ललितपुर ।
श्री प्रदेश लोक सेवा आयोग, कोशी प्रदेश विराटनगर ।
श्री प्रदेश निजामती किताबखा, कोशी प्रदेश विराटनगर ।
श्री नागरिक लगानी कोष, नयाँ वानेश्वर काठमाण्डौ ।
श्री कर्मचारी सञ्चयकोष, कोशी प्रदेश विराटनगर ।
श्री कोष तथा लेखा नियन्त्रक कार्यालय, धनकुटा ।
श्री आर्थिक प्रशासन शाखा, पाख्रीबास नगर कार्यपालिकाको कार्यालय, पाख्रीबास धनकुटा ।

प्रमुख प्रशासकीय अधिकृत

नगर प्रमुख